परिच्छेद ३

# ३.२ मधेस प्रदेशमा बालिका शिक्षाको अवस्था

**अध्ययनको परिचय**

राणा शासनकाल र २००७ सालपछि पनि पौराणिक संस्कृत विद्यापिठहरूसहित शैक्षिक संस्थाको केन्द्रका रूपमा रहेको मधेश प्रदेश अहिले शिक्षामा अन्य प्रदेशभन्दा पछाडि परेको छ। मधेस प्रदेशका कुनै पनि जिल्ला पूर्ण साक्षर घोषणा हुन सकेको छैन। मधेस प्रदेशको साक्षरता प्रतिशत ४९.७२ मात्र रहेको छ। रौतहट र महोत्तरी जिल्लाको साक्षरता ४७ प्रतिशत मात्र छ। जबकी, नेपालको साक्षरता ७१ प्रतिशत रहेको छ। मधेस प्रदेशमा सबैभन्दा बढी साक्षरता सर्लाही जिल्लामा ८९ प्रतिशत र पर्सा जिल्लामा ८० प्रतिशत साक्षरता छ। मधेशमा साक्षरता प्रतिशत कमजोर हुनुका साथै सिकाइ उपलब्धि, विद्यालय छाड्ने दर, सिकाइ क्रियाकलापमा समेत समस्या देखिएको छ।

तीनै तहका सरकारले हरेक वर्ष निरक्षरता उन्मूलन गर्न भन्दै उल्लेख्य बजेट विनियोजन गर्ने गरेका छन्। वर्ष २०२२ मा साक्षरता अभियानका लागि मधेस सरकारले मात्र रुपियाँ खर्च गऱ्यो। तर शिक्षामा प्रशस्त बजेट व्यवस्था गर्दै ‘बेटी पढाऊ, बेटी बचाऊ’ जस्ता महत्वाकांक्षी र चर्चित कार्यक्रम सञ्चालन ल्याइएको भए पनि मधेस प्रदेशमा यसको प्रभाव उल्लेख्य देखिएको छैन। बालबालिकासँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकहरूमा सुधार हुन नसकिरहेको अवस्थामा बालिका शिक्षाको अवस्था झनै टिठलाग्दो छ। मधेस प्रदेशको सन्दर्भ समेटेर सप्तरी जिल्लामा बालिका शिक्षाको अवस्थाका विषयमा यो आलेख केन्द्रित छ।

यस अध्ययन मार्फत मधेस प्रदेशको शिक्षाको अवस्थाको संक्षिप्त चिनारी प्रस्तुत गरिनेछ। मधेश प्रदेशको सप्तरी जिल्लामा बालिका शिक्षाको अवस्था, समस्या, चुनौती र सरोकारहरूको स्थानीय सरोकारवाला धारणा, लक्षित समूह छलफल र उपलब्ध सामग्रीको अध्ययनमार्फत यो आलेख तयार गरिएको छ।

**शैक्षिक कानुनी प्रावधान**

नेपालको संविधानको धारा ३९ (३) बमोजिम प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकासको हक सुनिश्चित गरिएको छ। धारा ३१, ३९ र ४० मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा श्रवणविहीन र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागारिकलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा पाउने हक हुने तथा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने उल्लेख छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ एवम् अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा पनि यी व्यवस्थाहरू छन्। प्रत्येक समुदायका बालबालिकालाई मातृभाषामा माध्यमिक तहसम्मको शिक्षा प्राप्त हुने कानुनी व्यवस्था छ। यस ऐनको दफा १५ को उपदफा (१) मा छ वर्षमुनिको बालबालिकालाई उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार सुनिश्चित गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य लिएको छ।

यसैगरी, प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-०८८) ले वि.सं.२०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्ने लक्ष्य लिएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन तथा माध्यमिक तहसम्म व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ।

## शिक्षाको अवस्था र असर

मधेस प्रदेशमा महिला साक्षरता दर जम्मा ३८.८८ प्रतिशत रहेको छ। जबकी नेपालको महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ। महिला र पुरुषबीचको साक्षरताको खाडल फराकिलो छ। नौ नगरपालिका, नौ गाउँपालिका र १ सय ६४ वडा रहेको सप्तरीको साक्षरता दर ५४.५० प्रतिशत छ। पुरुषको साक्षरता दर ६६.९८ प्रतिशत रहेकोमा महिला साक्षरता दर ४२.५७ मात्र छ। सप्तरी जिल्लामा प्राथमिक तहको कक्षा एकदेखि पाँचसम्म पूरा गरेका ७० हजार ७ सय ५३ पुरुष र ५८ हजार ६ सय २४ महिला छन्। निम्न माध्यमिक तहको कक्षा ६ देखि ८ सम्म ३७ हजार ६ सय ७३ पुरुष र २६ हजार १२ महिला उत्तीर्ण छन्। माध्यमिक तह पूरा गर्ने २७ हजार १ सय ५२ पुरुष र १४ हजार ६ सय ९७ महिला छन्। एसईई उत्तीर्ण हुनेमा २२ हजार ४ सय ४ पुरुष र त्यसको आधा ११ हजार ५ सय १९ महिला छन्।

माथिल्लो कक्षामा उक्लिँदै गर्दा महिलाको सङ्ख्या ओरालो लाग्दो छ। उच्च मावि तहसम्म अध्ययन पूरा गर्नेमा १४ हजार २ सय ५२ पुरुष र ७ हजार ३१ महिला रहेका छन्। स्नातक तहमा ७ हजार ४ सय १९ पुरुष र २ हजार २ दुई सय ८१ महिला उत्तीर्ण छन्। पाँचदेखि २५ वर्ष उमेरका पुरुष १ लाख २९ हजार ४ सय २८ र महिला १ लाख ३९ हजार ४ सय २२ छन्। जसमध्ये ४ हजार २ सय ३ बालक र ५ हजार ५ सय ३८ बालिकाको विद्यालयमा उपस्थिति छैन।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार मधेस प्रदेशको साक्षरता ४९.७२ प्रतिशत मात्र छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार हालसम्म ७७ जिल्लामध्ये ६१ जिल्ला साक्षर भइसकेको छ भने १६ जिल्ला साक्षर हुन बाँकी रहेको छ। एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका, ५९ गाउँपालिका र १ हजार २ सय ७१ वडा रहेको मधेस प्रदेशका आठ ओटै जिल्ला साक्षर हुन सकेको छैन।

नयाँ जनगणना अनुसार मधेस प्रदेशको जिल्लाहरूमा सप्तरीमा ६५ प्रतिशत, सिराहामा ५८.०५ प्रतिशत, धनुषामा ५०.४४ प्रतिशत, महोत्तरीमा ४७ प्रतिशत, सर्लाहीमा ८९ प्रतिशत, रौतहटमा ४७ प्रतिशत, बारामा ५२ प्रतिशत र पर्सामा ८० प्रतिशत साक्षरता रहेको छ।

विद्यालय भर्ना अभियानले विद्यालय बाहिर रहेका बालिका विद्यालयको पहुँचमा आए पनि सामुदायिक विद्यालयहरूमा दैनिक उपस्थित हुने बालिकाको सङ्ख्या न्यून छ। सरकारले ल्याएको दिवा खाजा कार्यक्रम पनि प्रभावकारी हुन सकेन।

बालिकाहरू घरायसी काम, महिनावारी, आमाबुबा काममा गएका बेला भाइबहिनीको रेखदेख, घरभान्सा सम्हाल्नु लगायतको कारणले विद्यालयमा कम उपस्थित हुने गरेको देखिन्छ। घरखेतको काममा अल्झिँदा, हिंसा र दुर्व्यवहारमा पर्दा बालिकाहरू विद्यालयमा नियमित हुन सकेका छैनन्।

मधेस प्रदेशमा अध्ययनरत २.९१ प्रतिशत बालबालिकाले बिचैमा पढाइ छाड्ने गरेका छन्। राष्ट्रियस्तरमा कुल कक्षा छाड्ने दर ३.६ प्रतिशत छ। मधेसको जिल्लामध्ये सबैभन्दा बढी सिरहामा ४ प्रतिशत र सबैभन्दा कम सप्तरीमा २.३ प्रतिशत बालबालिकाले बिचैमा कक्षा छाड्ने गरेको तथ्याङ्कले देखाउँछ। मधेस प्रदेशमा ६.४१ प्रतिशत बालबालिकाले कक्षा दोहोऱ्याउने गरेको केन्द्रले तयार गरेको २०७५ को प्रतिवेदनमा उल्लेख छ।

बालविवाह हुने अधिकांश बालिकाले बिचैमा पढाइ छाड्नु परेको छ। केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण, २०७६ अनुसार मधेस प्रदेशमा १५ देखि १९ वर्ष उमेरका १५.२ प्रतिशत विवाहित छन्। जसमा बालिका २४.९ प्रतिशत र बालक ४.४ प्रतिशत छन्।

## बालिका शिक्षामा समस्या

### सिकाइ उपलब्धिमा असमानता

विद्यालय शिक्षामा छात्राको सहभागितासँगै सिकाइ उपलब्धिमा समेत असमानता छ। शैक्षिक तथ्याङ्क अनुसार छोरीलाई सामुदायिक विद्यालयमा बढी भर्ना गर्ने गरेको देखिन्छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शैक्षिक गुणस्तर परीक्षण केन्द्र र राष्ट्रिय परीक्षण (नासा २०१९) ले गरेको अध्ययनमा छात्राको सिकाइ उपलब्धि कमजोर पाइएको छ। रोजगारीका हिसाबले प्राविधिक विषय राम्रो मानिए पनि उच्च शिक्षामा त्यसतर्फ छात्राको भर्नादर कम रहेको छ। अभिभावकको शैक्षिक तथा आर्थिक अवस्था, विद्यालयको वातावरण र शिक्षक शिक्षिकाको व्यवहारले पनि सिकाइ उपलब्धिमा असर पारेको पाइन्छ।

| तालिका १ : सप्तरी जिल्लामा विद्यालयस्तरका विद्यार्थीको जातिगत विवरण (२०७९/०८०) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | | | संस्थागत | | | |
| जातजाति | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | सबै जम्मा |
| जनजाती | १२५६२ | ११०४३ | २३६०५ | २४२४ | ३७५१ | ६१७५ | २९७८० |
| दलित | २३७६५ | २२९६७ | ४६७३२ | ९०५ | २२२९ | ३१३४ | ४९८६६ |
| ब्राह्मण/क्षेत्री | ११५९ | १०७६ | २२३५ | ५९ | ९३६ | ९९५ | ३२३० |
| अन्य | ३२८८६ | ३०३७० | ६३२५६ | ६०५१ | ११३३९ | १७३९० | ८०६४६ |
| जम्मा | ७०३७२ | ६५४५६ | १३५८२८ | ९४३९ | १८२५५ | २७६९४ | १६३५२२ |

स्रोत : *IEMIS*

**परिवारबाटै विभेद**

पछिल्ला दिनमा छोरीलाई पनि विद्यालय पठाउने केही सामाजिक चेतनामा वृद्धि भए तापनि छोरा छोरीको शिक्षामा विभेद कायमै छ। छोरालाई पढ्न लगाएर र छोरीलाई घरको काममा अल्झाउने, छोरालाई निजी विद्यालय पढाएर छोरीलाई सामुदायिकमा पढाउने प्रवृत्ति देखिन्छ। छोरालाई शहर र विदेशमा पढाएर छोरीलाई गाउँमै पढाउने प्रवृति छ। तलको तालिका अनुसार सप्तरी जिल्लामा संस्थागत विद्यालयमा छात्राहरूको सङ्ख्या पुरुषको तुलनामा आधा जति मात्र रहेको छ भने सामुदायिक शिक्षण संस्थामा भने छात्राको सङ्ख्या लगभग पाँच हजारको सङ्ख्यामा बढी रहेको छ। बालिका शिक्षामा लगानीको अवस्था बालकको तुलनामा निक्कै कम रहेको देखिन्छ।

**विद्यालय वातावरण**

विद्यालय बालिकामैत्री नहुँदा विभिन्न हिंसा र पीडाहरू सहन बालिका बाध्य छन्। छात्रामैत्री शौचालयको अभावमा सेनेटरी प्याड लगाउने समस्या, स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्द्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गर्न 'एक माध्यमिक विद्यालय, एक नर्स' कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। महिला शिक्षक, कर्मचारीको कमी छ। विद्यालयमा भोग्ने समस्या र पीडाबारे गुनासो सुनाउने व्यवस्था छैन। उनीहरूले भोगिरहेको दुर्व्यवहार सहन वा विद्यालय छाड्न बाध्य बन्नुपरेको छ।

**बालविवाह**

बालिका शिक्षालाई प्रभावित गर्न बालविवाह पनि जिम्मेवार रहेको छ। वि. सं २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कले सप्तरीमा २ लाख ३० हजार ४ सय ७९ जनाको बालविवाह भएको देखाउँछ। यसमध्ये बालक ७९ हजार २ सय २८ जना र बालिका १ लाख ५१ हजार २ सय ५१ रहेका छन्। १० वर्ष नपुग्दै विवाह भएका बालकहरू १ हजार ४ सय २० र बालिकाहरू ४ हजार ६ सय ३० रहेको पनि जनगणनाले देखाएको छ।

कानुन र नीतिले बालविवाहलाई बन्देज लगाएता पनि बालविवाहको प्रचलन हटेको छैन। विभिन्न समुदाय एवम् भौगोलिक क्षेत्रहरूमा हुने गरेका

| तालिका २: बालविवाहको जनसङ्ख्यागत अवस्था | | |
|---|---|---|
| सूचक | नेपाल | मधेस |
| १५ वर्ष मुनिका जम्मा | ५.२ | ८.९ |
| १८ वर्ष मुनिका जम्मा | २२.७ | २९.३ |
| १५ वर्ष मुनिका बालिका | ७.९ | १४.२ |
| १८ वर्ष मुनिका बालिक | ३२.८ | ४६ |
| १५ वर्ष मुनिका बालक | १.५ | २.१ |
| १८ वर्ष मुनिका बालक | ९.० | ७.८ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु–सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६

बालविवाहविरुद्ध उजुरी पर्दैनन्। ज्यादै कम उजुरी पर्ने बालविवाहको पूर्व जानकारी पाएर रोक्न खोज्दा आफन्त र छिमेकीको मिलेमतोमा सीमापारी भारत गएर बालविवाह गराउने गरेको देखिन्छ।

बालिका शिक्षा र बालविवाह विरुद्धको विभिन्न कार्यक्रम, अभियान र जनचेतनाबाट व्यक्ति, परिवार र समुदायको व्यवहार अपेक्षित रूपमा सुधार हुन सकेको छैन। बालविवाह न्यूनिकरण जटिल समस्याको रूपमा विद्यमान छ। कम उमेरमा हुने विवाहका कारण बीचमै पढाइ छुट्ने र अधिकांश बालिकाले पढाइ छाड्ने गरेका छन्।

**दलित समुदायको सङ्ख्या बढी, चेतना कम**

मधेस प्रदेशमा दलितको जनसङ्ख्या सबैभन्दा बढी छ। २०६८ सालको राष्ट्रिय जनगणना अनुसार दलितको जनसङ्ख्या १३ लाख ४० हजार ३ सय २१ छ। सरकारले सबैभन्दा बढी शिक्षा क्षेत्रमै लगानी गर्ने गरे पनि विपन्न दलित समुदायमा शिक्षाको पहुँच पुग्न सकेको छैन।

दलितको जनसङ्ख्या बढी रहेको सप्तरी र सिरहामा भर्नामा बालक थोरै बढी भएपनि निजी विद्यालयको भर्ना हेर्दा बालिकाको आधा कम छ। सप्तरीमा यो वर्ष २५ हजार १ सय ९६ दलित बालक र २४ हजार ६ सय ७० दलित बालिका भर्ना भएका छन्। सप्तरीका निजी विद्यालयमा दलित बालिका ९ सय ५ र बालक २ हजार २ सय २९ भर्ना छन्। अभिभावकले शिक्षामा लगानी गर्ने मनोविज्ञान अन्य जातीय समुदायमा जस्तै दलित समुदायमा पनि बालिकामैत्री भएको पाइँदैन।

**सामाजिक दृष्टिकोण**

शिक्षामा बालिकाको पहुँच बढाउन सामाजिक जनचेतना लगायत शिक्षासँग गाँसिएका मूल्य-मान्यताहरूको विश्लेषण गर्न महत्वपूर्ण हुन्छ। वैदेशिक रोजगार जाने र जग्गाजमिन जोड्ने चिन्ता भए पनि छोरीलाई शिक्षा दिनुपर्नेमा चिन्तित रहेको पाइँदैन।

छोरीलाई शिक्षा दिनुपर्छ भन्ने भन्दा छोरीलाई घरधन्दामा सीमित गराउने र चाँडो विवाह गराउने कुसंस्कार कायम छ। घरायसी काम छोरीलाई बढी लगाइँदा उनीहरूले पढाइका लागि समय कम पाउने गरेका छन्। वेद, गीता, जस्ता ग्रन्थहरू महिलाले पढ्नै नहुने गायत्री मन्त्र जप्नै नहुने र पढेदेखि बहुलाइन्छ भन्ने भ्रम फैलाएर अघि बढेको समाजमा अहिले पनि शिक्षालाई महिलाको अधिकार र आवश्यक्ताका रूपमा हेर्ने चलन छैन।

**सेवा र संरक्षणका चुनौती**

बालबालिकाको अधिकार कार्यान्वयनमा प्रशस्त उपलब्धि हासिल भए पनि सबै अवस्थाका बालबालिका र खासगरी बालिकाको आधारभूत आवश्यकता परिपूर्तिका लागि अझै केही चुनौती तथा समस्याहरू छन्। मूलतः कानुन, नीति र योजनाको प्रभावकारी कार्यान्वयन गर्न विद्यमान कानुनी व्यवस्थाहरूमा समाञ्जस्य गर्न, सङ्घ, प्रदेश र स्थानीय तीनै तहको वार्षिक योजनामा बालिकाको शिक्षालाई प्राथमिकता दिई नतिजामूलक कार्य गर्न चुनौती रहेको छ। उच्च शिक्षामा पुग्दा बालिका कक्षा छाड्नु, दोहोऱ्याउनु र अनुपस्थित हुने दर बढ्नु ठूलो चुनौती हो। गरिबी, अभिभावकको बेवास्ता, विद्यालयको वातावरण, सामाजिक दृष्टिकोणको मार बालिकामा बढी पर्दा पठनपाठनमा कमजोर हुँदै विद्यालय छाड्ने अवस्थामा पुग्ने गरेका छन्।

**नीति, कार्यक्रम र बजेट**

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा मुख्यमन्त्री बेटी पढाऔं, बेटी बचाऔं अन्तर्गत छोरी बीमा, साइकल वितरण लगायतका कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ। सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत छात्राहरूलाई एक थान ल्यापटप उपलब्ध गराइने तथा डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धि गर्न बालबालिकाको खातामा शिक्षा बिजक रकम उपलब्ध गराइने प्रतिबद्धता गरिएको छ।

स्थानीय तहहरूले गुणस्तरीय र जीवनउपयोगी शिक्षा, महिलाहरूका लागि शिक्षामा प्राथमिता दिँदै विशेष योजना ल्याएका छन्। नगर शिक्षा गुरुयोजना

निर्माण गर्ने, छात्रा शौचालय, दलित, विपन्न, असहायलाई छात्रवृत्ति दिने, छात्राहरूलाई आत्मरक्षा तालिम दिने, सेनेटरी प्याड व्यवस्थापन गर्ने, दिवा खाजा, ट्युसन जस्ता कार्यक्रममा बजेट विनियोजन गरेका छन्।

### बेटी पढाऔं, बेटी बचाऔं

मधेस प्रदेश सरकारले शिक्षामा चासो देखाउँदै छोरीहरूको सुरक्षा, शिक्षा र सशक्तीकरण तथा बालविवाहको न्यूनीकरणका लागि 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान सञ्चालन गरिएको हो। अन्य प्रदेशको समेत ध्यान तान्न सफल यो कार्यक्रम प्रदेश सरकारको सबैभन्दा महत्वाकाङ्क्षी र चर्चित कार्यक्रम रहेको छ।

वालविवाह रोक्न तथा शिक्षामा छोरीको आकर्षण बढाउन बालिकालाई साइकल वितरण, शिक्षा बिमा, शौचालय निर्माण, सेनेटरी प्याड वितरणका कार्यक्रम ल्याएको छ। प्रदेश सरकारले आठै जिल्लाको सामुदायिक विद्यालयका लागि दुई चरणमा १९ करोड ५४ लाख खर्चेर २७ हजार २ सय ६२ साइकल खरिद र वितरण गऱ्यो।

शिक्षामा निरन्तरता र बालविवाह रोक्न २० वर्षपछि एकमुष्ठ बीमा रकम पाइने गरी छोरी जन्मने बित्तिकै प्रदेश सरकारले जीवन बिमा गरिदिने व्यवस्था गऱ्यो। सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको ५० करोड रूपियाँ र प्रदेश सरकारको ५ करोड ६० लाख रकममा उक्त योजना लागु भएको थियो। तोकेको बीमा प्रिमियमअनुसारको टेन्डर हाल्न बैंकहरू तयार नभएपछि बीमा कार्यक्रम अलपत्र पऱ्यो।

### निष्कर्ष

नेपालले बाल अधिकार संरक्षण र प्रवर्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा दर्शाएको प्रतिवद्धता अनुकूल बालिकाको अवस्थामा सुधार ल्याउन सकेको छैन। प्राथमिक तहको विद्यालय भर्ना दर बढेको छ। तर, संस्थागत विद्यालयमा बालिकाको सङ्ख्या औसतमा निकै कम छ। शिक्षाबाट वञ्चित हुँदा अन्य अधिकारबाट वञ्चित हुनुपर्ने र अन्य अधिकारको हननले गरिबी कायम रहने स्थितिले शिक्षित हुनै नदिने गोलचक्करमा रुमलिने भय पैदा भएको छ।

छोरीलाई पनि पढाउनुपर्ने मान्यता विस्तारै विकसित हुँदैछ। पितृसत्तात्मक सोच र व्यवहारमा परिवर्तन नआएकाले लैङ्गिक समता कायम गर्न कठिनाइ भएको हो। विगतभन्दा अवस्था उपलब्धिमूलक भए पनि अन्य प्रदेशले औसतमा बढी प्रगति गर्दा मधेसको अवस्था सबैभन्दा कमजोर देखिएको हो। अभिभावकको संरचनगत दृष्टिकोण, पितृसत्तात्मक मनोवृत्ति र बालिकाका लागि बिद्यालय संरचना मैत्री नहुँदा विद्यालय शिक्षामा बालिकाको अनिवार्य उपस्थिति सुनिश्चित हुन सकेको देखिँदैन। बालबिवाहका कारण समेत बालिकाहरू शिक्षाको अवसरबाट बन्चित भएको देखियो। परिवारको गरिबी र सचेतनाको कमी पनि बालिका शिक्षाको अवरोधका रूपमा रहेको छ।

### सुझाव

जीवन उपयोगी र सिकाइमैत्री शिक्षण सिकाइ क्रियाकलाप र कार्यक्रमहरू नतिजामूलक ढङ्गबाट सम्पादन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्र स्थापना गरी क्रियाशील बनाउने, बालिका शिक्षामा प्राथमिकता निर्धारण गरी गरिबी र सचेतना कम भएको समुदाय लक्षित कार्यक्रम मार्फत बालिकाको विद्यालयमा उपस्थिति बढाउनुपर्ने देखिन्छ। विद्यालय अनुगमनमा जोड, भर्नासँगै शिक्षामा आकर्षित गर्ने र टिकाउने कार्यक्रमको सञ्चालन र कार्यान्वयन प्रभावकारी गरिनुपर्छ।

घरायसी कामकाजमा अल्झनुपर्ने बाध्यता भएका बालिका, सुविधाविहीन र सिमान्तकृत, र अपाङ्गता भएका बालिका तथा लक्षित बालिकाहरूलाई विद्यालयमा सहभागी हुन, निरन्तरता गर्न र सिकाइ प्रगतिका लागि विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त सिकाइमैत्री र स्रोतमा पहुँच सुनिश्चित गर्नुपर्छ।

अभिभावक र शिक्षक सचेत सिकाइमा समान सहभागिताका लागि प्रोत्साहन गर्ने गरी सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुऱ्याउनु आवश्यक छ।

छात्रा शुलभ शौचालय, बालिका मैत्री भाषा र व्यवहारलाई बढावा दिइ विद्यालयमा उनीहरूलाई टिकाउनका लागि सार्थक क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक छ।

**सन्दर्भ सामग्री**


१. शिक्षा तथा मानव स्रोत विकास केन्द्र फ्लाश १ प्रतिवेदन २०७८

२. शिक्षा विकास तथा समन्वय इकाईहरू

३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, आ.व.२०७८/२०७९

४. IEMIs

५. केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६